# राजविराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण (रेमी) परियोजनाका लागि आवश्यक जनशक्तिहरु सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धमा
## दोश्रो पटक जारी सूचना
**(दोश्रो पटक प्रकाशित मितिः २०८०।०४।२१)**

नेपाल सरकार र स्वीस सरकार बिचको द्विपक्षिय सम्झौता अन्तर्गत संचालित वैदेशिक रोजगारी बाट फर्किएका व्यक्तिहरुका लागि पुनःएकीकरण (रेमी) परियोजना संचालन गर्न निम्नानुसारको जनशक्तिको आवश्यक भएको हुँदा योग्य नेपाली नागरिकहरुबाट ७ (सात) दिन भित्र निवेदन आह्वान गरिएको छ ।

| क्र. सं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १ | परिवार परामर्शकर्ता | १ | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क, पब्लिक हेल्थ, बि.एस्सी.नर्सिङ्ग, बि.एड.स्वास्थ्य शिक्षामा स्नातक तह उत्तीर्ण गरेको ।<br>• वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको।<br>• सम्बन्धित विषयमा कार्य अनुभव भएको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |
| २ | रोजगार परामर्शकर्ता | १ | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको र दुई वर्ष व्यावसायिक परामर्श/रोजगार प्रवर्द्धन (उद्यमशिलता सम्बन्धि) कार्य गरेको ।<br>• वा स्नातक तह उतीर्ण गरि उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको।<br>• वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |

(१) **दरखास्त दिने अन्तिम मितीः** २०८०।०४।२७ गते कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट।

उम्मेदवारहरुको योग्यता लगायतका शर्तहरु यस कार्यालयको Website: www.rajbirajmun.gov.np मा राखिएको छ ।

**<u>बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण (रेमी) परियोजनाको आवश्यक्ता सम्बन्धी उम्मेदवारहरुको आवश्यक योग्यता लगायतका शर्तहरु</u>**

(२) **कार्य अवधिः** हाललाई आ. व. २०८०/०८१ को मसान्त सम्म, परियोजनाको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुने छ ।

(३) **परीक्षाको किसिमः** लिखित, अन्तर्वार्ता र प्रयोगात्मक (कम्प्यूटर सीप परिक्षण) । (छनौट परिक्षामा सुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक तथा आर्थिक पुनःएकीकरण लगायतका विषयवस्तुहरु समावेश हुनेछन) ।

**(४) आवश्यक कागजातहरु र दरखास्त दिने स्थानः**

-नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

-शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि

-पासपोर्ट साईजको एक प्रति फोटो

-परिवार परामर्शकर्ताको हकमा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तीर्ण गरेको भए मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा छ महिने तालिम प्राप्त प्रमाणपत्रको प्रतिलिपि

-रोजगार परामर्शकर्ताको हकमा उद्यम विकास सहकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको भए सो प्रमाणको प्रतिलिपि साथै अनुभव खुल्ने प्रमाणको प्रतिलिपि

-आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित यस कार्यालयको प्रशासन शाखा कोठा नं. १०१ मा कार्यालय समय भित्र पेश गर्नु पर्नेछ । रित नपुगी, म्यादनाघी आएको आवेदनलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

(५) **छनौट प्रक्रियाः** प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिनेछ ।अवसरबाट वन्चितिकरणमा परेका समुदायहरु महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्वन गरिनेछ ।

(६) **परिक्षा दस्तुरः** रु ६००।– (अक्षेरेपी रकम छ सय रुपैया मात्र)

(७) **तलब तथा अन्य सुविधाः** परियोजनाको नियम अनुसार हुनेछ।